फोन/फ्याक्स नं. ०२६-४६०११७
Email : csidb13thum@gmail.com

प्रदेश सरकार
प्रदेश नं.१
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग विकास समिति

तेह्रथुम

प.स. :-.०७५।०७६
सुचना नं. :-.

मिति :-२०७४।०९।१७

## सूचना । सूचना ॥ सूचना ॥।

**विषय :- मेड्पा कार्यक्रमको छुट मूल्यमा उपयुक्त प्रविधी हस्तान्तरण गर्ने सम्वन्धी सूचना ।**

यस कार्यालयको चालु आ.व. २०७५/०७६ को गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत घरेलु तथा साना उद्योग विकास समिति, तेह्रथुमको विभिन्न व्यवसाय सेवा प्रदायक संस्थाहरु सँगको सहकार्यमा गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत सिर्जना भएका लघु उद्यमीहरुलाई उद्योग व्यवसाय संचालन गर्ने थप टेवा पुगोस भन्ने उद्देश्यका साथ लघु, घरेलु तथा साना उद्यमी प्रविधी (मेशिन, उपकरण) हस्तान्तरण कार्याविधी, २०७३ बमोजिम प्रति समूहलाई बजेटको परिधी भित्र रही **बढिमा रु.१४५,०००।-(एक लाख पैतालिस हजार मात्र ) सम्मको मेशिन/औजार/उपकरणहरु ८० प्रतिशत छुटमा** हस्तान्तरण गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा सहभागी हुन इच्छुक उद्यमीहरुले` यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **१५ दिन** भित्र तपशिलमा उल्लेखित कागजातहरु सहित निवेदन फाराममा आफुलाई चाहिएको **मेशिन/औजार/उपकरणहरु**को विवरण सहित रित पूर्वकको निवेदन यस कार्यालयमा दिनुहुन सम्वन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ । साथैं म्याद नाघी आएका वा रित नपुगी पेश भएका निवेदनलाई यस कार्यक्रममा समावेश गरिने छैंन ।

..............................
(नविन कुमार पौड्याल )
वरिष्ठ उद्योग अधिकृत
वरिष्ठ उद्योग अधिकृत

### तपसिल

१) तालिमको प्रमाणपत्रहरुको प्रतिलिपी ।
२) सदस्यहरुको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
३) प्रविधी माग गर्नका लागि प्रविधीको नाम सहित समूहले बैठकमा गरेको निर्णयको प्रतिलिपी ।
४) व्यावसायिक योजना (स्किम)
५) उद्योग दर्ता प्रमाण–पत्रको प्रतिलिपी नविकरण भएको

### नोट

१) निवेदन दिने अन्तिम मिति :- २०७५ माघ १ गते सम्म । अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट कार्यालय खुलेको पहिलो दिन सम्म निवेदनको म्याद कायम रहने छ ।
२) निवेदन फाराम घरेलु तथा साना उद्योग विकास समिति तेह्रथुममा निःशुल्क पाईने छ ।
३) समूह कम्तिमा ५ जना वा सो भन्दा बढीको पनि हुन सक्नेछ ।
४) अन्य थप जानकारीको लागि यस कार्यालयको फोन नं.०२६-४६०११७ मा सम्पर्क गर्नुहन अनुरोध छ ।